महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
सियारी गाउँपालिका
रुपन्देही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९

च.नं. १९८

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री

अध्यक्षज्यू

सियारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रुपन्देही ।

कैफियत सहितको राय

हामीले सियारी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. सियारी गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ३३ लाख २ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९।१।४ मा प्राप्त प्रतिक्रियाबाट रू.३३ लाख ३५ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.४६ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६६ लाख ९६ हजार, नियमित गर्नुपर्ने रू.७१ लाख ५९ हजार र पेश्की रू.१४ लाख ५१ हजार रहेको छ ।पालिकाको गतवर्षसम्म रु ६ करोड ७३ लाख ८७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ८ करोड ७३ लाख ५४ हजार रहेको छ ।सियारी गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. सियारी गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

सियारी गाउँपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु							
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने						पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा		
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती									
५१	५७	२३३०२	०	१५	३३३५	५१	४२	१९९६७	४६६१	७१५९	६६९६	०	०	१३८५५		१४५१

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	६७३८७	०	०	६७३८७	०	१९९६७	८७३५४

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सियारी गाउँपालिका, रुपन्देही , सियारी गाउँपालिका , रुपन्देही

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	मिन प्रसाद भट्टराइ	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	नारायण प्रसाद पौडेल	२०७७-४-१	
		बेरुजु रकम	२३,३०२,०४४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७,६८,२३,११०.८४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३९,८५,४८,३५०	चालु खर्च	३०,०८,६७,०१४.६
प्रदेश सरकारबाट अनुदान	४,८७,६०,३४७	पूँजीगत खर्च	३१,७१,३४,५९७.३
राजश्व बाँडफाँट	७,९७,३७,५४६.२१	वित्तीय/अन्य व्यवस्था	२१,९८,२०,७७३.५
आन्तरिक आय	९,८१,७२,५१९.१४		
अन्य आय	२१,३१,१२,८९७.७		
कुल आय	८३,८३,३१,६६०.०५	कुल खर्च	८३,७८,२२,३८५.४
बाँकी मौज्दात		७,७३,३२,३८५.५१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** **परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सियारी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सियारी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ५७.६६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८४६६ जनसंख्या रहेको छ ।	
२			**स्थानीय संचित कोष** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान र सहायता आन्तरिक आम्दानी र स्थानीय सरकारबाट संचालन भएको आयोजनाहरु समेतको आयव्यय हिसावको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम छ।	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		७६८२३११०।८४	१	चालु खर्च	300867014.62	300867014.62
	क) नगद			२	पूँजीगत खर्च	317134597.3	317134597.3
	ख) बैंक	७६८२३११०।८४		३	वित्तिय व्यवस्था भुक्तानी	-	-
२	राजस्व (आन्तरिक आय)		188648065.35		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	98172519.14			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	79737546.21			ग) अन्य भुक्तानी		
	ग) अन्य आय	10738000		४	लगानी	-	-
३	वित्तिय हस्तान्तरण संघ		398548350		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	126200000			शेयर लगानी		
	ख) सशर्त अनुदान	245433350			अन्य लगानी		
	ग) समपूरक अनुदान	16915000		५	धरौटी फिर्ता	6637868.77	6637868.77
	घ) विशेष अनुदान	10000000		६	जनश्रमदान फिर्ता		
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		48760347	७	कोष खाता खर्च	११६५८५६६।२२	११६५८५६६।२२
	क) वित्तिय समानीकरण अनुदान	5462000		८	मौज्दात		

क्रम	भौचर नम्बर	भौचर	मिति		बिषय								बेरुजु रकम

	ख) सशर्त अनुदान	17302347			क) बैंक मौज्दात	५४७२३०४१.६१	५४७२३०४१.६१
	ग) समपुरक अनुदान	14996000			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान	11000000		९	अनुदान फिर्ता	4०055219.66	4०055219.66
५	अन्तर स्थानीय तहबाट प्राप्त			१०	गत बर्षको बढी अल्या		
६	अन्य			११	सामाजिक सुरक्षा खर्च	83520831	83520831
	क) क्षेत्रीय शहरी विकास योजना			१२	धरौट मौज्दात	14312660.82	14312660.82
	ख) सडक बोर्ड नेपाल			१३	स्थानिय पुर्वाधार साझेदारी विकास कार्यक्रम	8751600	8751600
	ग) पर्यटन बोर्ड नेपाल			१४	कोष खाताको मौज्दात	४०६८२६७।०८	४०६८२६७।०८
	घ) एन एन एस डब्लु ए			१५	अन्य खर्च		
७	विभिन्न कोषतर्फको आय	१५७२६८३३।३	१५७२६८३३।३	१६	विभाज्य कोषबाट बाडफाड	69196687.81	69196687.81
८	जनसहभागिता (नगद)			१७	विभाज्य कोष मौज्दात	4228416	4228416
९	विषयगत निकायबाट प्राप्त						
१०	धरौटी आय	20950529.59	20950529.59				
११	स्थानिय पुर्वाधार साझेदारी विकास कार्यक्रम	8751600	8751600				
१२	सामाजिक सुरक्षा आय	83520831	83520831				
१४	विभाज्य कोष आय	73425103.81	73425103.81				
१५							
	जम्मा		915154770.90		जम्मा		915154770.90

३

छलफलको व्यहोरा

लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७८।११।... मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन् :

४

वित्तीय विवरण

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.१			आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको पूँजीगत खर्चको विवरणअनुसार बार्षिक रु.३१ करोड ७१ लाख ३४ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.६ करोड ३७ लाख ५२ हजार अर्थात २०.१० प्रतिशत, दोश्रो चौमासिकमा रु.८ करोड ३२ लाख ९२ हजार ,अर्थात २६.२६ प्रतिशत र तेश्रो चौमासिकमा रु.२२ करोड ७४ लाख ६६ हजार अर्थात ७१.७२ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.१५ करोड ४२ लाख ५६ हजार अर्थात ४८.६४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।	
४.२			कल्याण कोष– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व वाँडफाडबाट कर्मचारी कल्याण कोषमा रु.५००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । पालिकाले कानूनको व्यवस्था गरि कर्मचारी कल्याण कोषमा ट्रान्सफर गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.३			वित्तीय विवरण–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ५७००० ले फरक देखिएको छ ।गाँउपालिकाले बैंक समायोजन हिसाब अनुसार चेक साट्न वाँकी रहेको कारण पेश गरेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको अवस्था छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
५			**आन्तरिक नियन्त्रण**	
५.१			आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । • साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • अधिकांश सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • स्थायी कर्मचारी भएको अवस्थामा शाखा प्रमुखको जिम्मेवारी स्थायी कर्मचारीलाइ दिनु पर्दछ । कार्यालयले स्थायी कर्मचारी भएको अवस्थामा समेत करारको कर्मचारी नियुक्ति गरि शाखा प्रमुखको जिम्मेवारि दिइएको देखियो । स्थायी कर्मचारीलाइ शाखा प्रमुखको जिम्मेवारी दिने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । • पालिकाले स्वीकृत दरवन्दी अनुसार कर्मचारी राख्नुपर्दछ । गाउँपालिकाले सह लेखापालको दरवन्दी नभएता पनि एक जना सह लेखापाललाइ वार्षिक रु ३५५९३० खर्च लेखेको छ । स्वीकृत दरवन्दी अनुसार तलब भत्ता लेख्नुपर्दछ । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५.२			सूचना प्रविधी पद्धतिः सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः •कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, •सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, •सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । कार्यालयले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।	
५.३			बेरुजु अभिलेख: मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.४			भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्. • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।	
६			**बजेट सिमा निर्धारण समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आयव्ययको विवरण असार १० गते प्रस्तुत भई असार १० गते पारित भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भएकोमा साउन ७ गते मात्र अख्तियारी प्रदान गरेको पाइयो । तसर्थ कानुनले तोकेको समयमा अख्तियारी प्रदान गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**क्षेत्रगत बजेट र खर्चको स्थिति** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	71012350	45883661.8	77.29/7.42
२	पूर्वाधार विकास	246422000	217708399	88.35/35.22
३	सामाजिक विकास	280765000	246130602	87.66/39.82
४	शुसासन तथा अन्तर सम्वन्धित क्षेत्र	23937763	19963829.1	83.4/3.23
५	कार्यालय संचालन तथा प्रशासनिक	84374000	79315119.4	94/12.83

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा बढी ९४ प्रतिशत र सबै भन्दा घटी आर्थिक विकास क्षेत्रमा ७७.२९ प्रतिशतबजेट खर्च गरेको देखिन्छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>
चौमासिक पूजिगत खर्च
आर्थिक कार्यविधि तथा वितियउत्तरदायित्व नियमावली को नियम ३५ बमोजिम स्वीकृत भएको अनुसुची २ बमोजिकको ढाचामा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td></td><td>चालु खर्चतर्फ</td><td>300867014.6</td><td>67721654.7</td><td>65597618.5</td><td>167547741</td><td>111649353</td></tr>
<tr><td></td><td>पूँजिगत खर्चतर्फ</td><td>317134597.3</td><td>6375298.08</td><td>83292615.3</td><td>227466684</td><td>154256826</td></tr>
<tr><td></td><td>जम्मा</td><td>618001611.9</td><td>74096952.8</td><td>148890234</td><td>395014425</td><td>265906179</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>11.98</td><td>24.09</td><td>63.93</td><td>43.02</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्चतर्फ वार्षिक रू. ३१ करोड ७१ लाख ३४ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू. ६३ लाख ७५ हजार अर्थात २ प्रतिशत, दोश्रो चौमासिकमा रू. ८ करोड ३७ लाख ५२ हजार, अर्थात २६ प्रतिशत र तेश्रो चौमासिकमा रू. २२ करोड ७४ लाख ६६ हजार मात्र अर्थात ७२ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रू. १५ करोड ४२ लाख ५६ हजार अर्थात ४८ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३७ र यो बर्ष थप भएको गरी कुल १०४ विवाद दर्ता भएकोमा ३८ वटा मात्र मेलमिलापबाट फछ्र्यौट भएको र ६६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
११			**संगठन व्यवस्थापन**	
११.१			प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनियर १ जना करारवाट नियुक्ति, सहायक पाँचौ १ जना लगायतका पदहरू रिक्त देखिन्छ ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
११.२			निजामती सेवा ऐन, २०४९ को दफा ७ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रु १७१७४९०३ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । पालिकाले तलबी प्रतिवेदन पास गरि तलव खर्च लेख्नुपर्दछ ।	
१२			**सम्पतिको संरक्षण र अभिलेख**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२.१			सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
१२.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । गाउँपालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ ।	
१३			**पदाधिकारी सुविधा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३.१			पदाधिकारी अन्य सुविधाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.२१०००००/-, टेलिफोन तथा मोवाइल रु.१२३६०००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१११६०००/-, समन्वय तथा सहजीकरणमा रु.१९०८०००/-, अतिथि सत्कारमा रु. ४६८०००/-, खानेपानी र सरसफाईमा रु.१२००००/-, र चाडपर्व खर्चमा रु.३३५०००/- समेत रु.७२८३०००/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.७२८३०००/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
१३.२			विविध खर्च– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.५८१४३८१।- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
१३.३			आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.६०००००।- आर्थिक सहायता वितरण र महोत्सवमा रु.२०००००/- बजेट खर्च गरेको पाईयो । आर्थिक सहायता तथा महोत्सव र विविध सहयोगमा खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**अनुदानको अनुगमन** अनुदानको अनुगमन – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
१५			**खरिद व्यवस्थापन**	
१५.१			कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५.२			माल सामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः - कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण केन्द्रीय सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण केन्द्रीय (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । - मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेकोले उक्त भुक्तानी नियम सम्मत देखिएन ।	
१५.३			सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यालयले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सुनिश्चित हुने गरी कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१६			**पेश्की वाँकी** पेश्की बाँकीः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले दिएको म्याद नाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्नुपर्ने रु	१,४५०,८००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				क्रस	पेश्कीलिनेको नाम	रकम	कैफियत		
					पदाधिकारी पेश्की				
				१	अयोध्या थारु	३५०००	म्यादनाघेको		
				२	घिसन अहिर	१५०००	म्यादनाघेको		
					कर्मचारी				
				१	भानुभक्तनेपाल	२३००००	म्यादनाघेको		
				२	प्रेमप्रसाद हरिजन	१०००००	म्यादनाघेको		
				३	निशाश्रेष्ट आले कक्षपति	२०८००	म्यादनाघेको		
				४	प्रेमप्रसाद हरिजन	३८००००	म्यादनाघेको		
					संस्थागत				
				१	चिल्हियाहे पो	६००००	संस्थागत पेश्की		
				२	छपियास्वास्थ्य चौकी	७००००	संस्थागत पेश्की		
				३	पश्चिमअमवा स्वास्थ्य चौकी	६००००	संस्थागत पेश्की		
				४	मैनहिया हेपो	६००००	संस्थागत पेश्की		
				५	सामुदायिकस्वास्थ्य ईकाइ बोहरहवा	३००००	संस्थागत पेश्की		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				६	सामुदायिकस्वास्थ्य ईकाइ मिलनचोक	३००००	संस्थागत पेश्की	
				७	हर्नैयास्वास्थ्य चौकी	६००००	संस्थागत पेश्की	
				८	भैसाखदररामजानकी मन्दिर पर्खाल निर्माण	३०००००	उपभोत्ता पेश्की	
			मोविलाइजेशन पेश्की					
				क्रस	पेश्की लिनेको नाम	रमक	कैफियत	
				१	नवीन कन्स्ट्रशन	११७००००	मोविलाइजेशन पेश्की	
१७			**आन्तरिक राजस्व**					
१७.१			मुल्य अभिवृद्धि करः पालिकाले आयवाट प्राप्त मुल्य अभिवृद्धि कर र अग्रिम कर नेपाल सरकार अर्थ मन्त्रालयले कायम गरेको शिर्षकमा दाखिला गर्नुपर्दछ । गाउँपालिकाले नगदी ठेलीबाट माटो निकासाबाट जम्मा रु २७२६५४१ मा रु ३१३६७२ मुल्य अभिवृद्धि कर असुल गरेको छ । असुल मुल्य अभिवृद्धि कर गाउँपालिकाले आफ्नो संचित कोषमा दाखिला गरेकोले नियमानुसार संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु					३१३,६७२
१७.२			गिट्टी, ढुंगा, बालुवाको करः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानून अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरूको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरूले तर्जुमा गरेका कानूनहहरू संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ।यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ।					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.३			आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको राजश्व सम्बन्धी विवरणमा राजश्व प्राप्त भएको र बैंक दाखिला गरेको मिति नखुलाइएकोले प्राप्त भएको र दाखिला भएको अवधि छुट्याउन सकिदैंन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्ने देखिन्छ । • नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१ • दैनिक राजश्व /आम्दानी खाता म.ले.प फाराम नं. १०२ • राजश्व /आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४ • राजश्व /आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५ • राजश्व /आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६ • राजश्व /आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७ • राजश्व/ आम्दानीको बैंक नगदी किताब म.ले.प. फा.नं. १०८	
१८			**शिक्षक दरबन्दी र पदपूर्ती** पालिकाले उपलब्ध गराएको विवरण अनुसार सार्वजनिक विधालयहरुमा शिक्षकको दरबन्दी निन्म बमोजिम रहेको पाइन्छ । जसमा सबैभन्दा बढी दरबन्दी भएको विधालय जनता मा वि अमवा जसमा शिक्षकको दरबन्दी २० जना र पदपूर्ती पनि २० जना रहेको छ भने सबैभन्दा कम दरबन्दी भएको विधालय भगदरी प्रावि भगदरी र सरस्वती प्रावि हर्नैया रहेको छ जसमा शिक्षकको दरबन्दी ०-१ वटा रहेको देखिन्छ । यस सम्बन्धमा पालिकाले दरबन्दी मिलान गरी दरबन्दी नभएको वा दरबन्दी कम भएको विधालयमा दरबन्दी बढाउनका लागि पहल गरी दरबन्दी अनुसार पदपूर्ती गरी पठनपाठनलाई सुचारु गर्न आवश्यक देखिन्छ ।	

क्र स	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपुर्ति	पदपुर्ति मध्ये करार	विद्यार्थी संख्या
१	छपिया आ.वि.दयानगर	९	९	४	४१८
२	चिल्हीया मावि चिल्हिया	१५	१५	६	४८८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				३	मैनहिया मावि मैनहिया	१७	१७	११	७७५		
				४	वीरेन्द्र मावि दयानगर	१३	१३	३	६०९		
				५	जनता मावि अमवा	२०	२०	२	६३१		
				६	जंगहत्था मावि हर्नैया	५	५	१	३३४		
				७	गणसारी मावि गणसारी	८	८	४	३७२		
				८	पव्लिक मावि दयानगर	१७	१७	३	१४१५		
				९	सिद्धार्थ मावि मदनगंज	११	११	४	४०३		
				१०	जनज्योती आवि लक्ष्मीपुर	६	६	२	१८४		
				११	जनता आ.वि.कैलाशनगर	७	७	१	१८९		
				१२	दूर्गादिवी मावि वरगदवा	४	४	०	४४९		
				१३	वालकल्याण प्रावि शिवपूर	३	३	०	१०५		
				१४	सिद्ध आ.वि.दयानगर	४	४	१	१२६		
				१५	समइमाइ मावि कनरी	९	९	५	४९२		
				१६	रामजानकी प्रावि अमवा	३	३	२	७९		
				१७	ज्ञानोदय प्रावि वोरहवा	३	३	२	१६३		
				१८	कोटही आवि च्यांगठा	७	७	७	२९२		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				१९	नवदुर्गा प्रँवि सेमरा	३	३	२	१३८		
				२०	जनज्योती प्रावि सोनारेत	३	३	३	९८		
				२१	मदरसा ता.कु.अ.परसौनी	०	०	०	१३१		
				२२	त्रिवेणी आवि गोठवा	५	५	५	४४१		
				२३	विवेकशील आवि	४	४	३	२५१		
				२४	मदरसा अ.सू.न वोरहवा	०	०	०	१२१		
				२५	आकाशरवी प्रावि अमवा	१	१	१	२१२		
				२६	मदरसा ता.कु.अ.मैनहिया	०	०	०	५९		
				२७	भगदरी प्रावि भगदरी	०	०	०	१९३		
				२८	सरस्वती प्रावि हर्नैया	१	१	०	१५१		
					जम्मा	१७८	१७८	७२	९३१९		
१९			**अनुगमन प्रतिवेदन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ ।नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।								

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**अनुदानको गुणस्तर र सदुपयोग** लेखापरीक्षण प्रतिवेदनः÷ शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT Lab, पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु. ६ लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमका विद्यालयहरूलाई शैक्षिक गुणस्तर अनुदान उपलब्ध गराएकोमा अनुदानको उपलब्धताले शैक्षिक कार्यमा आएको प्रगति, अनुगमन प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु	१,९५०,०००

सि.न.	विधालयको नाम	अनुदान शिर्षक	निकासा
1.	विरेन्द्र मावि	पुस्तकालय निर्माण	६५००००
2.	जनता आवि कैलाशपुर	आइसिटि	६५००००
3.	समइमाइ मावि कनरी	विज्ञान प्रयोगशाला	६५००००
	जम्मा		१९५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१	117	२०७७-१२-२३	**निशुल्क पाठ्यपुस्तक र छात्रवृति** क) पालिकाले पालिका भित्र रहेका विधालयहरुलाई पाठ्यपुस्तकको अनुदान वितरण गर्दा अनुदान रकम बराबरको पाठ्यपुस्तक खरिदको सकल बिल र खरिद गरिएको पुस्तकको वितरणको भरपाई सुरक्षित साथ राख्नु पर्दछ । तर पालिकाले उपलब्ध गराएको विवरण अनुसार अधिकांश विधालयको खरिद बिल राखेको छैन र राखेका खरिद बिल पनि सकल राखेको पाईएन । त्यसैले पाठ्यपुस्तक खरिद र वितरण सम्बन्धि यकिन गर्न सकिएन । ख) पालिकाले पालिका भित्र रहेका विधालयहरुलाई छात्रवृति अनुदानको वितरण गर्दा विधालयबाट विधार्थीको संख्या माग गर्ने र फ्लायस रिपोर्टको विवरणबाट तुल्नागरी जुन कम हुन्छ त्यसको आधारमा अनुदान वितरण गर्ने र घट्टी भए थप अनुदान दिनुपर्नेमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार नमुना छनौटको रुपमा परिक्षण गर्दा निम्न विधालयहरुमा विधार्थी संख्या भन्दा बढी अनुदान दिएको असुल गरी संघीय संचित कोषमा जम्मा गर्नुपर्ने रु	२०,५००

सि.नं.	विद्यालयको नाम	छात्रवृति पाउनेको संख्या (दलित र अन्य छात्रा)	छात्रवृति निकासा (दलित र अन्य छात्रा) संख्या	बढी भुक्तानी संख्या	भुक्तानी दर	जम्मा बढी भुक्तानी
1.	चिल्हिया मावि चिल्हिया	१७ (कक्षा ९-१० दलित)	२३	६	५००	३०००
2.	मैनहिया मावि मैनहिया	२२ (कक्षा ९-१० दलित)	३३	११	५००	५५००
3.	जनता मावि अमवा	१४३ (कक्षा १-८ छात्रा)	१५१	८	४००	३२००
4.	दुर्गादेवी आवि वरगदवा	१४७ (कक्षा १-८ छात्रा)	१६९	२२	४००	८८००
जम्मा		३२९	३७६	४७		२०५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**जोखिमको पूर्व तयारी** पालिकाले कोभिड १९ को संभावित लहरको आँकलन र पूर्वतयारी सम्बन्धमा निम्न कार्य गरी खर्च लेखेको देखिन्छ । जसमा अस्थायी कोभिड अस्पताल, स्वास्थ्य सुरक्षा सामग्री खरिद लगायतका शिर्षकहरुमा खर्च गरेको देखिन्छ । यस सम्बन्धि विवरणहरु देहाय बमोजिम रहेका छन ।	

पूर्व तयारी सम्बन्धी गरिएको कार्य	सम्पादन भएका प्रमुख क्रियाकलापहरु	खर्च रकम
क्वारेन्टिन तथा होल्डिङ्ग सेन्टर निर्माण	१ वटा क्वारेन्टिन निर्माण	७५००००
आईशोलेसन केन्द निर्माण	कोभिड अस्थायी अस्पातल निर्माण	१००००००
औषधि खरिद	अक्सिजन औषधि तथा उपकरण	२५०००००
CICT Team गठन	CICT परिचालन	
जम्मा		४२५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**कोभिड १९ आम्दनी र खर्च** कोभिड आम्दनी र खर्च विवरण ः कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्षको मसान्त सम्म आम्दानी रु. ८६,१६,१६५.९५।- प्राप्त गरी रु. ८५,७३,९५६।- खर्च गरेको छ । पालिकाले जनाए अनुसार कोभिड १९ सम्बन्धी खर्चहरुमा पालिकाले आफ्नै बजेटबाट रु ७१,००,००० खर्च बेहोरेको देखिन्छ । जसको विवरण देहायअनुसार रहेको छ ।	

बजेट/आम्दानीको स्रोत	२०७८ असारमसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७८ असार मसान्तसम्म खर्च रकम
संघीय सञ्चित कोषबाट	-	राहात वितरण	-
प्रदेश सञ्चित कोषबाट	-	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण	७५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम

		व्यवस्थापन	
स्थानीय तहको आफ्नै बजेटबाट	७१००००००	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	१००००००
संघीय कोभिड कोषबाट	१००००००	जनशक्ति परिचालन	१५०००००
प्रदेश कोभिड कोषबाट	-	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	२५०००००
अन्य स्रोतबाट प्राप्त	५१६१६५.९४	स्वास्थ्य पूर्वाधार निर्माण	१५०००००
		अन्य शीर्षकमा भएको खर्च	१३२३९५६.२२
		बाँकी	४२२०९.७३
जम्मा	८६१६१६५.९५	जम्मा	८६१६१६५.९५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४			**जोखिम भत्ता** पालिका भित्र कोभिड १९ माहामारीमा प्रत्यक्ष संलगन रहेका स्वास्थ्य क्षेत्रका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप २८ जना स्वास्थ्य कर्मिहरुलाई जोखिम भत्ता उपलब्ध गराई रु १५,६२,८७२ खर्च लेखेको पालिकाले जनाएको छ । जोखिम भत्ताको सम्बन्धमा नेपाल सरकारले जारी गरेको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम पहिलो पंतिमा काम गर्ने कर्मचारीलाई ७५ प्रतिशत र दोस्रो पंतिमा काम गर्ने कर्मचारीलाई ५० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउन सक्ने व्यवस्था भएकोमा पालिकाले यसको पालना गरे नगरेको बारे यकिन गर्न सकिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**अबण्डा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्नेमा पालिकाले शिर्षक नखुलाई चालुतर्फ रु २०,००,००० र पूजिगततर्फ ६०,००,००० गरी जम्मा रु ८०,००,००० अबण्डा राखि बजेट खर्च लेखेको छ । तसर्थ यस सम्बन्धमा अबन्डा राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ र ऐनमा भएको व्यवस्था कार्यन्वयन हुनुपर्छ ।	
२६			**बजेट तथा कार्यक्रम तर्जुमा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
२७			**अभिलेख व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल एकिकृत गरी व्यवस्थित साथ राख्नु पर्नेमा राखेको देखिएन ।	
२८			**कानुन निर्माण र संचालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ९ वटा नियमावली, ३९ कार्यविधि लगायत ६३ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। तसर्थ आवस्यक कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
२९			**विशेष परिस्थिति खरिद**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			औषधि, कीट तथा स्वास्थ्य उपकरण खरिद ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले औषधी खरिद गर्दा खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान गरी मात्र खरिद कार्य गर्नुपर्नेमा यस आ.व.मा पालिकाले खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान नगरी पालिकाले औषधी, कीट तथा स्वास्थ्य उपकरणहरु विभिन्न मितिमा पटक पटक गरी १० पटक भन्दा बढी सोझै खरिद गरी खर्च गरेको रकम रु १९,८७,०७४.५५ देखिन्छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । ऐनमा भएको व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्छ । यस सम्बन्ध थप विवरण निम्न बमोजिम रहेको छ ।	

क्रस	खरिद विवरण	आपूर्तिकर्ताको नाम	सम्झौता रकम	आपूर्ति भएको सामानको मुल्य	खरिद विधि
१	स्वास्थ्य सामग्री खरिद	बुटवल इन्टरनेसनल बुटवल	४८७३६१	४८७३६१	कोटेशन
२	स्वास्थ्य सामग्री खरिद	भगवती सर्जिके मिकल सप्लायर्स	४०६८५ .६५	४०६८५.६५	सोझौ
३	स्वास्थ्य सामग्री खरिद	भगवती सर्जिके मिकल सप्लायर्स	७२९०	७२९० .०	सोझौ
४	स्वास्थ्य सामग्री खरिद	भगवती सर्जिके मिकल सप्लायर्स	४८०४७.६	४८०४७.६	सोझौ
५	स्वास्थ्य सामग्री खरिद	द ओसन सर्जिकल बुटवल	३६०२३४	३६०२३४.	कोटेशन
६	स्वास्थ्य सामग्री खरिद	द ओसन सर्जिकल बुटवल	१३५९०५	१३५९०५	कोटेशन
७	स्वास्थ्य सामग्री खरिद	त्रिदेव सर्जिकल बुटवल	१३९८३४ .०	१३९८३४.	कोटेशन
८	स्वास्थ्य सामग्री खरिद	त्रिदेव सर्जिकल बुटवल	१२९१५९.	१२९१५९.	कोटेशन
९	स्वास्थ्य सामग्री खरिद	समुन्द्र मेडिको फर्मा बुटवल	३५८६१७	३५८६१७	कोटेशन

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				१०	स्वास्थ्य सामग्री खरिद	बुद्ध डैनोस्तिक नेपल बुटवल	२७९९४१.३	२७९९४१.३	कोटेशन	
						जम्मा	१९८७०७४.५५	१९८७०७४.५५		
३०			**बिमा बिजक पेश नभएको** निर्माण व्यवसायीहरुबाट निर्माण गराउदा सम्झौतामा तोकिएको शर्तको अधिनमा रहि निर्माण काम गराउने तथा सो अनुसार भुक्तानि दिनुपर्ने हुन्छ ।तर सियारी पहुचमार्ग कालोपत्रे ठेक्का नं १८।०७६।७७ र १९।२०७६।७७ का निर्माण व्यवसायी पुष्पाञ्जलि समिर जिम्बा जे भि लाइ पि एस मा रहेको बिमा वापत रु १०००००।०० को दरले २ वटा कामको रु २०००००।००भुक्तानि दिएकोमा सो को बिल बिजक पेश नगरेकोले सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.....							२००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१	२०५	२०७८-२-१८	**सियारी पहुँचमार्गको नापी पेश नभएको** सियारी पहुँच मार्ग कालोपत्रे कार्य गर्न प्याकेज नं १ ठेक्का नं १८।०७६।७७ को निर्माण व्यवसायी पुष्पाञ्जलि समिर जिम्बा जे भिलाइ यस आर्थिक वर्षमा निर्माण काम सम्पन्न गरी रु ३३६७११३९।०० भुक्तानि दिएकोमा देहायमा लेखिए बमोजिमका आइटमहरुहो नापि भएको नदेखिएकोले के कति कारणले नापि नभएको हो उचित कारण सहित प्रमाण पेश हुनुपर्ने अन्यथा निर्माण व्यवसायीबाट मू अ कर समेत ९२०६५।०० रु असुल हुनुपर्ने रु	९२,०६५

आइटम नं	आइटमको नाम	परिमाण	दर	रकम
३	Excavation of bituminous material from road and disposal	१३६. ५०	५०	६८२५
५. ३	Providing plaim cement concrete m 10/40(1:3:6)	०. ८०	८०००	६४००
६. २	Providing and laying dry stpne masonry soling	१. १८	२७००	३१८९
६. ३	Providing and placing machine mixed cement concrete m10/40 (1:3:6) for foundation	०. ६०	८०००	४८००
६. ४	Backfilling inlayers in foundation pits trenches	२. ६०	१००	२६०
६. ६	Providing and layingreinforced cement concrete np3flush jointed pipe for culverts	७. ५०	८०००	६००००
जम्मा				८१४७४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**भेरिएशन स्विकृत नभएको** सियारी पहुँच मार्ग कालोपत्रे कार्य गर्न प्याकेज नं १ ठेक्का नं १८।०७६।७७ निर्माण काम मिति २०७७।३।२० मा सम्पन्न गर्ने गरी रु ३२७८२३०२।०० मा व्यवसायी पुष्पाञ्जलि समिर जिम्बा जे भि सँग मिति २०७७।१।२६ मा सम्झौता भइ यस वर्ष दोश्रो तथा अन्तिम बिल वापत रु २६१८९९५८।०० भुक्तानि भइ गत वर्ष समेत कुल भेरिएशन र मू अ कर समेत रु ३३६७११३९।०० भुक्तानि भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।	३,३५३,०५८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(१) भेरिएशन: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको चरणमा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गरी स्विकृत गर्नेपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन तथा नियममा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको चरणमा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गरी स्विकृत गर्न सकिने प्रावधान बिपरित प्राबिधिक पुष्ट्याई नखुलाइ तथा बिस्तृत व्यहोरा नखुलाई सियारी पहुँच मार्ग कालोपत्रे कार्य गर्न प्याकेज नं १ ठेक्का नं १८।०७६।७७ शुरु सम्झौता रकम भन्दा मू अ कर समेत रु ८२१२५९।०० अर्थात शुरु कबोल अंक भन्दा २.५१ प्रतिशत बढिको भेरिएशन प्रमुख प्रशासकिय अधिकृतबाट र सियारी पहुँच मार्ग कालोपत्रे कार्य गर्न प्याकेज नं २ ठेक्का नं १८।०७६।७७ शुरु सम्झौता रकम भन्दा मू अ कर समेत रु २५३१७९९।०० अर्थात शुरु कबोल अंक भन्दा ७.५२ प्रतिशत बढिको भेरिएशन गाउँपालिका अध्यक्षबाट स्विकृत भएको पाइयो । यसरी नियममा भएको प्रावधान अनुसार शुरु सम्झौता गर्दाको बखत अनुमान गर्न नसकिने कामको लागि भात्र भेरिएशन गर्न सकिने र भेरिएशन गर्नु परेमा नियमानुसार बिशेषज्ञ समिति गठन सो समितिले प्रतिबेदन पेश गरी प्राबिधिक पुष्ट्याई सहित भेरिएशन स्विकृत गर्न सकिने प्रावधान बिपरित पालिकाले सो नगरी सियारी गाउँपालिका पहुच मार्गको देहायका २ वटा प्याकेजकको रु ३३५३०५८।०० भेरिएशन आदेश स्विकृत गरेको नियमसम्मत नभएको रु......	

ठेक्का नं	कामको बिबरण	निर्माण व्यवसायी	शुरु सम्झौता रकम	कार्यसम्पन्न रकम	भेरिएशन रकम	भेरिएशन प्रतिशत
१८।०७६।७७	सियारी पहुचमार्ग कालोपत्रे प्याकेज नं १	पुष्पाञ्जलि समिर जिम्बा जे भि	३२७८२३०२	३३६०३५६१	८२१२५९	२.५१
१९।०७६।७७	सियारी पहुचमार्ग कालोपत्रे प्याकेज नं २	पुष्पाञ्जलि समिर जिम्बा जे भि	३३६८७१७६	३६२१८९७५	२५३१७९९	७.५२
जम्मा					३३५३०५८	

(२) सियारी पहुँच मार्ग कालोपत्रे कार्य गर्न प्याकेज नं १ को लागत अनुमान तयार गर्दा कालोपत्रे गर्नुपर्ने सडको चेनज नं उल्लेख नगरी बोलपत्रको माध्यमबाट निर्माण कार्य मायादेबि सियारी शुद्धोधन सडकको बिभिन्न ठाउँ ठाउँमा काम गरेको नापि तथा मूल्यांकन गरी निर्माण व्यवसायी पुष्पाञ्जलि समिर जिम्बा जे भि लाइ रु ३३६७११३९।०० भुक्तानि दिएको छ । साथै सोही सडकको प्याकेज नं २ अन्तर्गत सोही निर्माण व्यवसायीबाट निर्माण कार्य गराएकोमा सो प्याकेजको लागत अनुमानमा समेत चेनेज नं नखुलाइ काम गराइ रु ३६४४७७९७।०० भुक्तानि दिएकोमा सो प्याकेजको नापि तथा प्राबिधिक मूल्यांकनमा समेत चेनेज नं

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उल्लेख नगरी सडकको बिभिन्न स्थानमा काम गरेको जनाइ भुक्तानि दिएको देखिएको छ । यसरी सो सडकमा गाउँपालिका बाहे अन्य निकायहरुले समेत काम गरे नगरेको तथा ति प्याकेजमा पनि दोहोरोपना भए नभएको सम्बन्धमा यकिन हुन सकिएन ।	
३३			**सियारी पहँुचमार्गबाट असुल** (१) सियारी पहुँच मार्ग कालोपत्रे कार्य गर्न प्याकेज नं २ ठेक्का नं १९।०७६।७७ निर्माण काम मिति २०७७।३।२० मा सम्पन्न गर्ने गरी रु ३३६८७१७६।०० मा व्यवसायी पुष्पाञ्जलि समिर जिम्बा जे भि सँग मिति २०७७।१।२६ मा सम्झौता भइ यस वर्ष दोश्रो तथा अन्तिम बिल वापत रु २३२८९७४१।०० भुक्तानि भइ गत वर्ष समेत कुल भेरिएशन र मू अ कर समेत रु ३६४४७७९७।०० भुक्तानि भएको पाइयो तथा सियारी पहुच मार्गको २ वटा प्याकेजमा देहाय अनुसार पुष्पाञ्जलि समिर जिम्बा जे भिलाइ बढी रु २९६४००।०० भुक्तानि भएको पाइएकोले असुल हुनुपर्ने रु...	१,१२७,२५०

ठेक्का नं	कामको बिबरण	कुल भुक्तानि रकम	कुल कार्य सम्पन्न रकम	बढी भुक्तानि रकम
१८।०७६।७७	सियारी पहुचमार्ग कालोपत्रे प्याकेज नं १	३३६७११३९	३३६०३५६१	६७५७८
१९।०७६।७७	सियारी पहुचमार्ग कालोपत्रे प्याकेज नं २	३६४४७७९७	३६२१८९७५	२२८८२२
	जम्मा	७०११८९३६	६९८२२५३६	२९६४००

(१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढीलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाइ सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने तथा सोही नियमको १२० मा निर्माण व्यवसायीले सम्झौतामा तोकिएको समयमा निर्माण काम सम्पन्न गर्न नसक्ने अवस्था भएमा कारण खुलाइ म्याद सकिनु भन्दा कम्तिमा २१ दिन अगावै निवेदन दिनुपर्ने र सो निबेदन पालिकामा सोही दिन दर्ता गरी अधिकार प्राप्त अधिकारी सो म्याद थप सम्बन्धमा आवाश्यक जाँचबुझ गरी कारण उचित र मुनासिब भएमा म्याद थप गर्नुपर्ने व्यवस्था रहेको छ । सियारी पहुच मार्ग कालाेपत्रे गर्न निर्माण व्यवसायी पुष्पाञ्जलि समिर जिम्बा जे भिले ठेक्का नं १८।०७६।७७ र ठेक्का नं १९।०७६।७७ को निर्माण काम मिति २०७७।३।२० सम्म सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले निर्माण कार्यको म्याद सकिनु भन्दा १३ दिन अगावै मिति २०७७।३।७ मा मात्र कोरोनाको कारण देखाइ म्याद थपको निबेदन दिएकोमा सो निबेदन पालिकामा दर्ता भएको पाइएन । गाउँकार्यपालिकाको मिति २०७७।३।३० को २७ औं बैठकको निर्णयानुसार ठेक्का नं नखुलाइ मिति २०७७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मंसिरमसान्तसम्म म्याद थप गर्ने निर्णय गरेकोमा पालिकाको च नं ४२२५ मिति २०७७।३।३० पत्रबाट निर्माण व्यवसायीलाइ ठेक्का नं १८।०७६।७७ प्याकेज नं १ को लागि कार्यपालिकाले थप गरेको अबधि भन्दा १ महिना १० दिन अगाबैको मिति २०७७।७।२० भित्र सम्पन्न गर्ने उल्लेख गरी र ठेक्का नं १९।०७६।७७ प्याकेज नं २ को लागि कार्यपालिकाले थप गरेको अबधि भन्दा १ महिना ढिलो अर्थात मिति २०७७।९।३० भित्र सम्पन्न गर्ने उल्लेख गरी पत्राचार गरेको देखिएकोले पालिकाले निर्माण व्यवसायीबाट निर्माण काम गराउनको लागि बैठकको निर्णय भन्दा फरक मिति उल्लेख गरी पत्राचार गरेको कारण स्पष्ट हुन सकेन । साथै निर्माण व्यवसायीले तोकिएको समयमा काम नगरेको तथा निबेदन पनि नियममा व्यवस्था भए बमोजिम अगाबै नदिएको ढीलो गरि निबेदन दिएकोमा सो निबेदन पालिकाले दर्ता नगरेको एवम पालिकाले निर्माण कामको प्राबिधिक मूल्यांकनमा काम सम्पन्न भएको मिति २०७७।९।२५ मा सम्पन्न भए अनुसार निर्माण व्यवसायिले मिति २०७७।९।२८ मा भुक्तानि पाउँ भन्ने निबेदन पेश गरेको र पालिकाले मिति २०७७।९।२९ गते भेरिएशन आदेश स्विकृत गरेको पाइएकोले निर्माण व्यवसायीले थप भएको म्याद भित्र समेत निर्माण काम सम्पन्न नगरेकोले देहाय अनुसार रु ८३०८५०।०० पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु...

<table>
<tr><th>ठेक्का नं</th><th>कामको बिबरण</th><th>सम्झौता रकम</th><th>सम्पन्न भएको मिति</th><th>सम्पन्न गर्नुपर्ने मिति म्याद थप समेत</th><th>ढिलो दिन</th><th>हर्जाना रकम</th></tr>
<tr><td>१८।०७६।७७</td><td>सियारी पहुचमार्ग कालोपत्रे प्याकेज १</td><td>३२७८२३०२</td><td>२०७७।९।२५</td><td>२०७७।८।३०</td><td>२५</td><td>४०९७७५</td></tr>
<tr><td>१९।०७६।७७</td><td>सियारी पहुचमार्ग कालोपत्रे प्याकेज २</td><td>३३६८७१७६</td><td>२०७७।९।२५</td><td>२०७७।८।३०</td><td>२५</td><td>४२१०७५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>८३०८५०</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४	१०३	२०७७-१०-२५	**जिन्सी आम्दानी नबाँधेको** सियारी गाउँपालिकाको भवन निर्माण गर्न ठेक्का नं १।०७४।७५ बाट निर्माण व्यवसायी आशिष निर्माण सेवा चितवनसँग रु ५८५८६३०६।०० मिति २०७५। ५।१४ मा सम्झौता भइ यस वर्ष भेरिएन तथा मू अ कर समेत छैठौं तथा अन्तिम बिल वापत रु ८७५०६७२।०० भुक्तानि भएको छ । (१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ को उपनियम १ मा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट ड्रइङ्ग सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सियारी गाउँपालिका भवनको निर्माण काम मिति २०७७।८।१४ मा निर्माण सम्पन्न भइ सो को अन्तिम बिल भुक्तानि हुदाा एज बिल्ट ड्रइङ्ग वापत मू अ कर समेत रु २२६००।०० भुक्तानि भएतापनि निर्माण व्यवसायिले एज बिल्ट ड्रइङ्ग पेश नगरेकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... (२) आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा नं २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी जिन्सि मालसामान ७ दिनभित्र जिन्सि खातामा श्रेस्ता खडा गर्नुपर्ने तथा निर्माण व्यवसायीले सम्झौता तथा बि ओ क्यू मा उल्लेख गरेको स्पेशिफिकेशन बमोजिमको जिन्सी सामान निर्माण व्यवसायिबाट खरिद भएको बिल बिजक समेत सामान सप्लाइ तथा जडान भए पश्चात मात्र निर्माण व्यवसायीलाइ सामान वापतको रकम भुक्तानि दिनुपर्नेमा पालिकाले भवन निर्माण गर्न ठेक्का नं १।०७४।७५ को बि ओ क्यू को आइटम नं ३२ मा ४० के भि ए,४०० भोल्ट,३ फेजको डिजल जेनेरेटर एक सेट सप्लाइ तथा जडान वापत मू अ कर समेत रु ११३००००।०० निर्माण व्यवसायी आशिष निर्माण सेवा चितवनलाइ भुक्तानि दिएकोमा लेखापरीक्षण अवधि २०७८।११।३ सम्म निर्माण व्यवसायीले बिजक पेश नगरेको तथा जेनेरेटर सप्लाइ गरेको पालिकाको भनाइ रहेतापनि जिन्सि दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु...	१,१५२,६००
३५			**भगदारी सडकदेखि सेमरा सडक** भगदारीगाउँदेखि सेमरा सठकमा कालोपत्रे ठेक्का नं६।०७७।७८ बाट बोलपत्रको माध्यमबाट छनौट भएको बोलपत्रदाता आर ए कन्स्ट्रक्सन रुपन्देहीसँग रु ५३६६५२५।०० मा मिति २०७७।९।१२ मा सम्झौता भए अनुसार रु ५२३९३९२।०० भुक्तानि दिएकोमा निर्माण व्यवसायीले ह्युम पाइपको काम नगरेको तथा सो को नापी नभएको भएतापनि प्राबिधिक मूल्यांकन गरी मू अ कर समेत रु ८४७५०।०० निर्माण व्यवसायीलाइ भुक्तानि दिएको देखिएको हुनाले सो को पुष्ट्र्याई सहित प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	८४,७५०
३६			**कार्यालय भवन कम्पाउण्डवाल**	१६४,३८७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यालय भवनको कम्पाउण्डवाल निर्माण ठेक्का नं ११।०७७।७८ बाट निर्माण व्यवसायी रिजाल कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि. रुपन्देहीसँग रु ३७९४२७०।०० मा मिति २०७७।१०११ मा सम्झौता भए अनुसार भेरिएशन र मू अ कर समेत रु ३८९००४८।०० भुक्तानि दिएको पाइएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन । (१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढीलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाइ सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालय भवनको कम्पाउण्डवाल निर्माण ठेक्का नं ११।०७७।७८ बाट निर्माण व्यवसायी रिजाल कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि.सँग रु ३७९४२७०।०० मा मिति २०७७।१२।७ सम्म निर्माण काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीले सम्झौतामा तोकिएको मितिमा काम सम्पन्न नगरेको तथा म्याद थपको लागि निबेदन नदिएको तथा म्याद थप समेत नभएकोले निर्माण व्यवसायीले ६८ दिन ढिलो गरी मिति २०७८।२।१५ मा नापि गरी प्राबिधिक मूल्यांकन गरेको पाइएकोले नियमानुसारपूर्वनिर्धारित क्षतिपूर्ति वापत रु १२९००५।०० असुल हुनुपर्ने रु...... (२) निर्माण व्यवसायीबाट निर्माण कार्य भइ भुक्तानि दिदा निजसँग भएको सम्झौता तथा लागत अनुमानलाइ आधार मानि भुक्तानि दिनुपर्नेमा कार्यालय भवनको कम्पाउण्डवाल निर्माण ठेक्का नं ११।०७७।७८ बाट निर्माण व्यवसायी रिजाल कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि.रु ३८९००४८।०० दिएकोमा सो निर्माण कार्यको लागत अनुमान तयार गर्दा कम्पाण्डवालमा २ वटा गेट बनाउनुपर्ने र आइटमहरु मेशनरी काम र प्लाष्टरको काममा ति गेटले चर्चेको परिमाण घटाइ लागत अनुमान तयार भएकोमा निर्माण काम सम्पन्न पश्चात नापि तथा प्राबिधिक मूल्यांकनमा गेटले चर्चेको परिमाण नघटाई भुक्तानि भएकोले देहाय अनुसार रु ३५३८२।०० असुल हुनुपर्ने रु....	

आइटम नं	आइटमको नाम	भुक्तानि परिमाण	गेटले चर्चेको परिमाण	भुक्तानि हुनुपर्ने परिमाण	बढी भुक्तानि परिमाण	दर	असुल हुनुपर्ने रकम
7.1	Chimney made First brick work	4945.84	2*11.25*0.75*4.83=81.50	4864.34	81.50	300	24450
8.1	12.5 mm thick cement sand plaster	17190.25	2*11.25*15.25=343.12	16847.13	343.12	20	6862
	Total						31312

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(३) कार्यालय भवनको कम्पाउण्डवाल निर्माण ठेक्का नं ११।०७७।७८ को काम गर्नको लागि १२ वटा बोलपत्र बिक्रि भएको र दर्ता ९ वटा भएकोमा बिक्रिअभिलेख एक पाना लुज सिटमा राखेको दर्ताको अभिलेख पेश भएको बोलपत्रको मुचुल्का मिति २०७७।९।१२ मा खोलेकोमा मूल्यांकन समितिको निर्णय,तुलनात्मक बिबरण र प्राबिधिक मूल्यांकन प्रतिबेदन लेखापरीक्षणमा पेश नभएको कारण भिडान गर्न पाइएन । तसर्थ पालिकाले बोलपत्र सम्बन्धि सम्पूर्ण कागजातहरु एउटै फाइलमा सिलसिलाबद्ध किसिमले राख्नु पर्दछ ।	
३७			**कुमारटोल सत्कार होटेल** निर्माण व्यवसायीलाइ सम्झौता तथा नापि किताब र प्राबिधिक मूल्यांकन अनुसार भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । ठेक्का नं १०।०७७।७८ बाट कुमालटोल सत्कार होटेल सडक कालोपत्रे गर्न निर्माण वयवसायी बिबेक कन्स्ट्रक्सनलाइ यस वर्ष काम सम्पन्न गरी रु ९३०६४१३।०० भुक्तानि दिएकोमध्ये आइटम नं ४.६ Providing and Laying Reinforced Cement Concrete NP3 flush jointed pipe for culverts को १० र मि को प्रति र मि रु ७०००।०० को दरले मू अ कर समेत रु ७९१००।०० नापी बिना भुक्तानी दिएकोले सो भुक्तानि दिन मिल्ने आधार प्रमाण भए पुष्ट्रयाई र कारण सहित पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु…	७९,१००
३८			**ह्युम पाइप बितरण** हयुम पाइप बितरण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ।७५ थान हयुम पाइप वितरण गर्ने गरी रु १३९८०६४।०० को लागत अनुमान तयार गरी ठेक्का नं४।०७७।७८ बाट सिलबन्दीको माध्यमबाट छनौट भएको लुम्बिनि पि ए सि ईण्डष्ट्रिज प्रा लि रुपन्देहीसँग मिति २०७७।९।१६ सम्म सप्लाई गर्ने गरी रु १३९०१८२।०० मा मिति २०७७।८।१७ मा सम्झौता भए बमोजिम सप्लार्सले मिति २०७७।९।१३ मा हयुम पाइप सप्लाइ गरी रु १३८९७९२।०० भुक्तानि भएको पाइयो ।गाउँपालिकाको अध्यक्षको तोक आदेश अनुसार वडा कार्यालयहरुबाट देहाय अनुसार बितरण गरेको बिबरण प्राप्त भएकोमा ति हयुम पाइपहरु किसानहरुले बुझिलिइ आवाश्यक स्थानमा जडान गरी सदुपयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन तथा प्राबिधिक सहयोग गरी प्राबिधिक मूल्यांकन भएको नदेखिएको कारण बितरण बितरण भएको हयुम पाइप सदुपयोग भएको भन्न सकिने आधार प्रमाण पेश भएको पाइएन । यसरी पालिकाले बितरण गरेको हयुम पाइप बुझिलिएका कृषकहरुले जडान गरेको प्राबिधिक मूल्यांकन सहित अनुगमन प्रतिबेदन पेश हुनुपर्ने रु	१,३८९,७९२

सि नं	नाम थर र वडा नं	साइज ९० डाय	साइज ६० डाय	साइज ४५ डाय
१	जिवराज रेग्मी वडा नं १	०	५.५	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	२	भागिरथ थारु वडा नं १	०	०	३	बेरुजु रकम
				३	राम बहादुर गुरुङ्ग वडा नं १	०	०	६	
				४	बिष्णु श्रेष्ठ वडा नं १	०	०	३	
				५	जनार्दन यादब वडा नं २	०	५	७.५	
				६	शेषनारायण शुक्ल वडा नं ३	४	०	०	
				७	श्रि प्रसाद श्रेष्ठ वडा नं ४	२	०	१०	
				८	थमन बहादुर पौडेल वडा नं ५	०	३.५	३.५	
				९	शेर बहादुर गुरुङ्ग वडा नं ६	०	२	८	
				१०	सन्त बहादुर कुँवर वडा नं ६	०	०	४	
				११	चन्द्रिका चौधरी वडा नं ७	०	०	६	
				१२	बिध्याचल केवट वडा नं ७	०	०	२	
					जम्मा	६	१६	५३	
३९			**बिद्युत पोल बितरण** बिद्युत पाइप बितरण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ।११८ थान बिद्युत पोल वितरण गर्ने गरी रु १३९८०६४।०० को लागत अनुमान तयार गरी ठेक्का नं ३।०७७।७८ बाट सिलबन्दीको माध्यमबाट छनौट भएको लुम्बिनि एम के ईण्डष्ट्रिज प्रा लि रुपन्देहीसँग मिति २०७७।९।१४ सम्म सप्लाई गर्ने गरी रु १५८२८०२।०० मा मिति २०७७।८।१५ मा सम्झौता भए बमोजिम सप्लार्सले बिद्युत पोल सप्लाइ गरी रु १५८२८०२।०० भुक्तानि भएको पाइयो । गाउँपालिकाको अध्यक्षको तोक आदेश अनुसार वडा कार्यालयहरुबाट देहाय अनुसार बितरण गरेको बिबरण प्राप्त भएकोमा ति बिद्युत							१,५८२,८०२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पोलहरु किसानहरुले बुझिलिइ आवाश्यक स्थानमा जडान गरी सदुपयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन तथा प्राबिधिक सहयोग गरी प्राबिधिक मूल्यांकन भएको नदेखिएको कारण बितरण भएको पोलहरु सदुपयोग भएको भन्न सकिने आधार प्रमाण पेश भएको पाइएन । यसरी पालिकाले बितरण गरेको पोलहरु बुझिलिएका कृषकहरुले जडान गरेको प्राबिधिक मूल्यांकन सहित अनुगमन प्रतिबेदन पेश हुनुपर्ने रु	

सि नं	नाम थर र वडा नं	पोल संख्या
१	धनराज शर्मा -१	९
२	माधब पन्थि -१	११
३	जनार्दन यादब -२	२३
४	घिस यादब अहिर -३	१३
५	श्री प्रसाद श्रेष्ठ -४	१४
६	गोरख थारु -५	४
७	थमन बहादुर पौडेल -५	१५
८	शेर बहादुर गुरुङ्ग -६	१४
९	ख्यामराज गुरुङ्ग -६	२
१०	सरोज अधिकारी -७	१३
जम्मा		११८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**छपिया ओर्लवा सडक पेश्कि जमानत** **पेश्कि जमानतको म्याद:**सार्वजनिक खरिद नियमावलीको नियम ११३ तथा निर्माण व्यवसायीसँग भएको सम्झौता बमोजिम निर्माण कामको लागि निर्माण व्यवसायीले राष्ट्रिय वाणिज्य बैंकबाट जारी भएको पेश्कि फछ्र्यौट हुने अबधि भन्दा १ महिना बढि अवधिको बैंक जमानत पेश पश्चात निर्माण व्यवसायीलाइ पेश्कि उपलब्ध गराउनुपर्ने व्यवस्था छ । ठेक्का नं ७।०७७।७८ बाट छपिया ओर्लहवा कचकचहवा पुलसम्म कालोपत्रे गर्न निर्माण वयवसायी नविन कन्स्ट्रक्सनले कृषि बिकास बैंकबाट मिति २०२१ अप्रिल १५ अर्थात मिति २०७८।१।२ सम्म म्याद भएको रु ११७००००।०० को बैंक ग्यारेन्टिको आधारमा पालिकाले गो भौ नं ९७।२०७७।१०।१८ बाट रु ११७००००।०० पेश्कि दिएकोमा प्रथम रनिङ्ग बिल भुक्तानि दिदा कट्टा नगरेको तथा सो पेश्कीको म्याद समाप्त भइ सकेको एवम निर्माण व्यवसायीको निर्माण कामको म्याद थप भएको समेत नदेखिदा पेश्कि रकम जोखिममा परेकोले नियम अनुसार व्याज समेत असुल हुनुपर्ने रु..	१,१७०,०००
४१			**छपिया ओर्लवा सडकलाइ नापि बिना भुक्तानि** निर्माण व्यवसायीलाइ सम्झौता तथा नापि किताब र प्राबिधिक मूल्यांकन अनुसार भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । ठेक्का नं ७।०७७।७८ बाट छपिया ओर्लहवा कचकचहवा पुलसम्म कालोपत्रे गर्न निर्माण वयवसायी नविन कन्स्ट्रक्सनलाइ यस वर्ष प्रथम रनिङ्ग बिल वापत रु ३००३४८८।०० भुक्तानि दिएकोमध्ये आइटम नं ३.५ Providing and Laying Reinforced Cement Concrete NP3 flush jointed pipe for culverts को १० र मि को प्रति र मि रु ७०००।०० को दरले मू अ कर समेत रु ७९१००।०० नापी बिना भुक्तानी दिएकोले सो भुक्तानि दिन मिल्ने आधार प्रमाण भए पुष्ट्याई र कारण सहित पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु…	७९,१००
४२			**छपिया ओर्लवा सडक बैंक जमानत** **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद ऐन 2063 को दफा 59 मा खरिद सम्झौता अनुसारको काम सुरु नगर्ने निर्माण व्यवसायीसँग ठेक्का सम्झौता अन्त्य गरि निर्माण व्यवसायीले सम्झौता गर्दा राखेको निर्माण काम वापत जमानत जफत गर्नुपर्ने व्यवस्थ छ । ठेक्का नं ७।०७७।७८ बाट छपिया ओर्लहवा कचकचहवा पुलसम्म कालोपत्रे गर्न निर्माण वयवसायी नविन कन्स्ट्रक्सनले सो काम गर्नको लागि सम्झौता गर्दा कृषि बिकास बैंकबाट मिति २०२२।६।१३ अर्थात मिति २०७९।२।३० सम्म म्याद भएको रु ११३३०००।०० को बैंक ग्यारेन्टि पेश गरेको र निर्माण व्यवसायीले निर्माणा काम नगरेको कारण निजेले राखेको जमानत रकम जफत गर्नुपर्ने देखिएको रु.	१,१३३,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**छपिया ओर्लवा सडक** ठेक्का नं ७।०७७।७८ बाट छपिया ओर्लहवा कचकचहवा पुलसम्म कालोपत्रे गर्ते निर्माण वयवसायी नविन कन्स्ट्रक्सनबाट काम मिति २०७८।१।२९ सम्म सम्पन्न गर्नेगरी रु ५९००८००।०० मा मिति २०७७।१०।९ मा सम्झौता भए अनुसार यस वर्ष प्रथम रनिङ्ग बिल वापत रु ३००३४८८।०० भुक्तानि भएकोमा सम्झौतामा तोकिएको समयमा निर्माण काम सम्पन्न नभएको तथा म्याद थप समेत भएको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन । (१) पूर्वनिर्धारित क्षतिपूर्ति सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढीलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाइ सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने तथा सोही नियमको १२० मा निर्माण व्यवसायीले सम्झौतामा तोकिएको समयमा निर्माण काम सम्पन्न गर्न नसक्ने अवस्था भएमा कारण खुलाइ म्याद सकिनु भन्दा कम्तिमा २१ दिन अगावै निवेदन दिनुपर्ने र सो निबेदन पालिकामा सोही दिन दर्ता गरी अधिकार प्राप्त अधिकारी सो म्याद थप सम्बन्धमा आवाश्यक जाँचबुझ गरी कारण उचित र मुनासिब भएमा म्याद थप गर्नुपर्ने व्यवस्था रहेको छ । ठेक्का नं ७।०७७।७८ बाट छपिया ओर्लहवा कचकचहवा पुलसम्म कालोपत्रे गर्न निर्माण वयवसायी नविन कन्स्ट्रक्सनबाट काम मिति २०७८।१।२९ सम्म सम्पन्न गर्नेगरी रु ५९००८००।०० मा मिति २०७७।१०।९ मा सम्झौता भएकोमा निर्माण व्यवसायीले सम्झौतामा तोकिएको मितिमा काम सम्पन्न नगरेको तथा म्याद थपको लागि निबेदन नदिएको तथा म्याद थप समेत नभएकोले निर्माण व्यवसायीले ५० दिन ढिलो गरी मिति २०७८।३।२० मा नापि गरी प्राबिधिक मूल्यांकन गरेको नापी किताबमा नापी मिति उल्लेख नभएको रनिङ्ग बिलमा काम सम्पन्न मिति २०७८।३।२० उल्लेख भए अनुसार निर्माण व्यवसायीले मिति २०७८।३।२५ मा भुक्तानि पाउँ भनि निबेदन दिएको पाइएकोले नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति वापत रु १४७५२०।०० असुल हुनुपर्ने रु...... (२) **खरिद सम्झौताको अन्त्यः** सार्वजनिक खरिद ऐन 2063 को दफा 59 मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम 128 अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पन्न जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा 63 अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्था छ। ठेक्का नं ७।०७७।७८ बाट छपिया ओर्लहवा कचकचहवा पुलसम्म कालोपत्रे गर्न निर्माण वयवसायी नविन कन्स्ट्रक्सनलाइ पालिकाले च नं ५२१ मिति २०७८।५।१५ पत्राचार गरी १० दिनभित्र काम सम्पन्न गर्नुहुन भन्ने र च नं २०८६ मिति २०७८।९।१४ मा कारवाहि गर्ने सम्बन्धि पत्राचार गरेको पाइएको भएतापनि सो निर्माण काम समयमा नगर्ने निर्माण व्यवसायीलाइ ऐन तथा नियममा भएको व्यवस्था बमोजिम कारबाहि गर्नुगराउनु पर्दछ ।	१४७,५२०
४४			**उपभोक्ता समितिवाट काम**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४.१			दर रेट – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत गर्ने कार्यको लागि प्लास्टर, नाली निर्माण तथा वाल निर्माणमा पिपिसी सिमेन्टको दररेट दिनु पर्नेमा ओ पि सि सिमेन्टको दर राखि लागत अनुमान तयार गरेको छ ।नमुना छनोटको आधारमा उपभोक्ताको विल परिक्षण गर्दा कार्यालयले ओ पि सि सिमेन्टको दरले लागत अनुमान तथा कार्यसम्पन्न पेश गरेता पनि उपभोक्ताले पिपिसि सिमेन्टको विल पेश गरेकोले पालिकालाई थप व्ययभार परेको छ। नमुना छनोटको आधारमा परीक्षण गरेकोमा केही उदाहरण देहाय वमोजिम छन ।	

गौ न र मिति	उपभोक्ताको नाम	सिमेन्ट व्याग	फरक दर	जम्माफरक मुल्य
२०-०७८।३।२२	सामुदायिकआवास भवन निर्माण उ स	४४८	१०६	४७४८८
३४१-०७८।३।२६	विपन्नपरिवारका लागि आवास निर्माण	११४	१०६	१२०८४
१२५-०७७।११।५	शिवपुरगाउँभित्र पक्की नाली सहित सडक विस्तार	१००	१०६	१०६००
४-०७७।११।२५	मदरसातालेमुल कुरान असरफियामा वाउन्डीवाल	६३	१०६	६६७८
२२-०७७।७।२२५	अमुवावजारमा नाली निर्माण	२०५	१०६	२१७३०
	जम्मा			९८५८०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>निर्माण कार्यको गुणस्तर: उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १२ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>अग्रिम आयकर कट्टा नभएको
आयकर ऐन २०५८ (नेपाल सरकार आर्थिक ऐन २०७६ बाट भएको संशोधन) दफा ८९ (३ क) उपभोक्ता समितिबाट काम गराउने गरी भएको सम्झौतामा रु ५० लाख भन्दा बढी भुक्तानि हुने गरी भएको कार्यमा भुक्तानि हुने रकमको १.५ प्रतिशत अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका योजनाहरु उपभोक्ता समितिबाट निर्माण कार्य गराएकोमा ऐनमा भएको व्यवस्था बमोजिम कर रु १९५०००।०० कट्टी नगरेको रु असुल हुनुपर्ने रु....
<table>
<tr><th>गो भौ नं र मिति</th><th>भुक्तानि रकम</th><th>कर रकम</th><th>उपभोक्ताको नाम र काम</th></tr>
<tr><td>२२।२०७८।३।२६</td><td>८००००००</td><td>१२००००</td><td>गाउँपालिका सभा हल निर्माण उ स</td></tr>
<tr><td>१२।२०७८।३।१८</td><td>५००००००</td><td>७५०००</td><td>दुर्गा देबि आधारभूत बिद्यालय भवन निर्माण उ स</td></tr>
<tr><td>जम्मा</td><td>१३००००००</td><td>१९५०००</td><td></td></tr>
</table></td><td>१९५,०००</td></tr>
<tr><td>४६</td><td>१६</td><td>२०७८-३-२०</td><td>कनरीदेखि गोठवा सडक कालोपत्रे
आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेखांकन गरी भुक्तानि दिदा आवाश्यक बिल भरपाइ र कागजात संलग्न हुनुपर्दछ । यस गाउँपालकाको वडा नं ७ मा कनरीदेखि गोठवा सडकमा कालोपत्रे काम गर्न उपभोक्ता समितिबाट गराइ गो भौ नं १६।२०७८।३।२० बाट रु १४९१७५०।०० भुक्तानि दिएकोमा सो को गोश्वरा भौचर लगायतका प्रमाणहरु पेश नभएको रु ....</td><td>१,४९१,७५०</td></tr>
</table>

क्रस	भौचर नम्बर	भौचर मिति	विवरण	बेरुजु रकम
२७			**उपभोक्ता समितिको बिल भरपाइ**	५६०७४१

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन काममा भएको खर्चको बिल भरपाइ सहितका सार्वजनिक भेलाबाट अनुमोदन गरी भुक्तानिको लागि सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमूना छनौटको आधारमा परीक्षण गर्दा देहायमा उल्लेख गरिए बमोजिमका उपभोक्ता समितिहरुले निर्माण काम गरी कामको भुक्तानि भएकोमा नापी तथा प्राबिधिक मूल्यांकनमा सामाग्रि खपतको परिमाण भन्दा उपभोक्ता समितिले पेश गरेको बिल भरपाइमा निर्माण सामाग्रि कम खरिद गरेको कारण खरिद गरेको भन्दा बढी प्रयोग हुन सक्ने अवस्था नहुने र लागत अनुमान अनुसारको अनुपातमा निर्माण सामाग्रि प्रयोग नहुदा निर्माण कामको गुणस्तरमा समेत असर पुग्ने देखिन्छ । तसर्थ उपभोक्ता समितिले खरिद गरि पेश गरेको बिल भरपाइको परिमाण भन्दा नापी तथा मूल्यांकन परिम बढि देखिएको र सोही अनुसार भक्तानि दिदा रु ५६०७४१।०० भुक्तानि दिन मिल्ने नदेखिएको रु....

उपभोक्ताको नाम	कामको बिबरण	भुक्तानि दर	कार्यसम्पन्न प्रतिबेदन अनुसार परिमाण	उपभोक्ताले पेश गरेको परिमाण	घटि परिमाण	रकम
जगहत्था मा बि अधुरो भवन निर्माण	डण्डिको प्रयोग	१११.१०	२८४५ के जि	११७५ के जि	१६७० के जि	१८५५३७
त्रिवेणि आधारभूत बिद्यालय	ईटाको प्रयोग	१३.३०	५८१४ वटा	५५०० वटा	३१४ वटा	४१७६
छपिया आधारभूत बिद्यालय	डण्डिको प्रयोग	१११.१०	२८२७ के जि	२६९० के जि	१३७ के जि	१५२२०
कोटहि आधारभुत अधुरो भवन	ईटाको प्रयोग	१३.३०	१९६२० वटा	१४००० वटा	५६२० वटा	७४७४६
विपन्न परिवारकाो लागि आवास	ईटाको प्रयोग	१३.३०	२१८४६ वटा	२१००० वटा	८४६ वटा	११२५१
कोटहि आधारभूत बिद्यालय	डण्डिको	१११.१०	३८०७ के जि	३३५८ के जि	४४९ के	४९८८३

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			वडा नं २	प्रयोग				जि		
			अमवा बजार नालि निर्माण	ईटाको प्रयोग	१३.३०	४४६८९ वटा	३४१०० वटा	१०५८९ वटा	१४०८३३	
			सामूहिक आवास भवन निर्माण	ईटाको प्रयोग	१३.३०	८६०७२ वटा	८०१२५ वटा	५९४७ वटा	७९०९५	
			जम्मा						५६०७४१	
४८			**उपभोक्ता समिति**							

उपभोक्ता समिति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न योजनाहरु उपभोक्ताबाट गराइ भुक्तानी गरेकोमा नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहाय अनुसार उपभोक्ताहरु दर्ता भएको पाइएन । यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार छन ।

सि नं	उपभोक्ताको नाम र काम	मूल्यांकन रकम	पालिकाले व्यहोरेको रकम	उपभोक्ताले व्यहोरेको रकम
१	अमवा बजारमा नालि निर्माण उ स	१८९७७३४	१६८९३५६	२०८३७८
२	गणसारी मा बि वडा नं २	२३१५३१२	१९८६०९८	३२९२१४
३	बिद्युत कार्यालय जाने सडक कालोलपत्रे	२३०९१७०	२००००००	३०९१७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम

४	गा पा सभाहल	८८९५९५७	८००००००	८९५९५७
५	दुर्गादिबि मा बि भवन निर्माण	५५४२५३३	५००००००	५४२५३३
६	जगहत्या गाउँभित्रको बाटो पि सि सि	२८९१७२८	२५९७३२८	२९४४००
७	छपिया आधारभुत बिद्यालय निर्माण	१११५०५४	१००००००	११५०५४
८	ज्योतिनगर दक्षिण टोल सडक कालोपत्रे	२८७९७६४	२२०००००	६७९७६४
९	मोहनगंज सडक कालोपत्रे	११७४२९१	१००००००	१७४२९१
१०	कालिका मन्दिर अधुरो हल निर्माण	१११४७६५	१००००००	११४७६५
११	हर्नैया गाउँभित्र पि सि सि सडक पि सि सि	७७९६५८	७०००००	७९६५८
१२	कल्भर्ट तथा कुलो निर्माण	७८७२५६	७०००००	८७२५६

(१) पालिकाबाट यस वर्ष सडक तथा कुलो नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

(२) पालिकाले यो बर्ष विभिन्न योजनाहरु उपभोक्ताबाट निर्माण गराइ भुक्तानी गरेकोमा त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

(३) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायबाटको आम भेला गराई सो भेलाबाट उपभोक्ता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा माथि उल्लेखित योजनाहरुको उपभोक्ता समितिहरु गठन गर्दा पेश भएको माइन्यूटमा ठेगाना र

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्पर्क फोन नंम्बर एवम केही योजनाहरुमा जनप्रतिनिधिहरुको उपस्थिति समेत उल्लेख नगरेको कारण उपभोक्ता समिति गठनको प्रकृया कानूनमा तोकेको प्रावधान बमोजिम रहेको पाइएन । (४) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समितिहरुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेका काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण समेत गराउनुपर्नेमा माथि उल्लेखित उपभोक्ताहरुले नियममा व्यवस्था भए बमोजिमको खर्चको सूचना टाँस गरेको तथा सार्वजनिक परीक्षण गराएको पाईएन । तसर्थ यसमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ । (५) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न भए पश्चात निर्माण कामको अनुगमन निरीक्षण तथा योजना हस्तान्त्रण एवम सम्पन्न योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको पालिकाबाट सञ्चालित योजनाहरुको निर्माण सम्पन्न पश्चात नियममा व्यवस्था भए अनुसार पालिकाबाट केहि योजनाहरुको अनुगमन निरिक्षण नभएको अनुगमन भएको योजनाहरुमध्ये केहि योजनाको प्रतिबेदनमा संयोजक तथा अन्य पदाधिकारी दस्तखन नभएको अनुगमन प्रतिबेदनमा अनुगमनबाट देखिएका व्यहोराहरु उल्लेख गरेको पाइएन । साथै ति योजनाहरु उपभोक्तालाइ हस्तान्त्रण नभएको तथा उपभोक्ताहरुले सम्पन्न योजनाहरुको अभिलेख राखेको नपाइएकोले यस सम्बन्धमा नियममा भएको व्यवस्था बमोजिम सुधार हुनुपर्दछ (६) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । तसर्थ नियमावलिमा व्यवस्था भए अनुसार उपभोक्ता समितिबाट निर्माण काम गराउनुपर्दछ ।	
४९			**उपभोक्ताबाट मू अ कर कट्टा नभएको** मूल्य अभिबृद्धि कर नियमावली २०५३ (२०७८ जेठ १५ को बजेट भाषण अनुसारको संशोधन) को नियम ६ (ग) मा ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत (२०७८ जेठ १५ अघि) तथा ३० (२०७८ जेठ १५ पछि) सम्बन्धित राजश्व शिर्षकमा र वाँकि रकम सम्बन्धित फर्म लाई भुक्तानि दिनुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमको उपभोक्ता समितिहरु लाई निर्माण कार्य गराएको ति उपभोक्ता समितिले आपूर्तिकर्ताहरुबाट	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सामान खरिद तथा सेवा आपुर्ति गर्दा नियमावलीमा व्यवस्था भए अनुसार मू अ कर कट्टा गरि राजश्व दाखिला नगरेकोले पालिकाले नियममा व्यवस्था भए बमोजिम मूल्य अभिबृद्धि कर कट्टा गरी राजश्व दाखिला गर्नु गराउनु पर्दछ ।	

उपभोक्ता समितिको नाम	बिबरण	रकम	मू अ कर रकम	कट्टा हुनुपर्ने मू अ कर रकम
गा पा सभाहल निर्माण उपभोक्ता समिति	बिभिन्न सप्लायर्स ३९ बिजक	६८९३८७४	७९३१००	२३७९३०
दुर्गादिबि आधारभूत बिद्यालय भवन निर्माण उ स	बिभिन्न सप्लायर्स २६ बिजक	३९८७००१	४५८६८१	१३७६०४
सामुहिक भवन निर्माण उ स	बिभिन्न सप्लायर्स ५७ बिजक	३५०९३४९	४०३७३०	१२१११९
ज्योतिनगर दक्षिण टोल सडक कालोपत्रे उ स	बिभिन्न सप्लायर्स ७ बिजक	२०२३५६०	२३२७९८	११६३९९
बिद्युत कार्यालय जाने सडक कालोपत्रे उ स	बिभिन्न सप्लायर्स ७ बिजक	१३२४२००	१५२३४१	७६१७०
गणसारी मा बि भवन निर्माण उ स	बिभिन्न सप्लायर्स १५ बिजक	१४८२९६९	१७०६०७	५११८२
अमवा वजार नालि निर्माण उ स	बिभिन्न सप्लायर्स २१ बिजक	१३३२५२१	१५३२९८	७६६४९
मोहनगंज सडक कालोपत्रे उ स	बिभिन्न सप्लायर्स १७ बिजक	९४४४०२	१०८६४८	५४३२४
छपिया आधारभूत बिद्यालय निर्माण उ स	बिभिन्न सप्लायर्स ३२ बिजक	८१७६५६	९४०६६	४७०३३
कालिका मन्दिर अधुरो हल निर्माण उ स	बिभिन्न सप्लायर्स ११ बिजक	९४०४६७	१०८१९५	३२४५८
आवास निर्माण उ स	बिभिन्न सप्लायर्स १० बिजक	८४८६५३	९७६३२	२९२८९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>जिन्सी दाखिला
पालिकाभित्र कुनै पनि सामान खरिद गरी जिन्सी दाखिला गर्नु पर्दछ । दाखिला गर्दा मु अ कर समेतको मुल्य राख्नु पर्दछ । तर पालिकाले जिन्सी दाखिला गर्दा मु अ बाहेकको सामान खरिद मुल्य दाखिला गर्ने गरेको पाईयो । यसले खरिद गरिएको सामानको यथार्थ मुल्य यकिन गर्न नसक्ने हुदा मु अ कर समेतको मुल्य दाखिला गर्नु पर्दछ । यस सम्बन्धि पालिकाले जिन्सी दाखिलामा सामानको हिनमिना भए नभएको बारे यकिन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५१</td><td>232</td><td>२०७८-३-२३</td><td>बढी भुक्तानी
पालिकाले कोभिड-१९ बाट उत्पन्न परिस्थितिका लागि शिक्षण सिकाई सहजिकरण अनुदान मार्फत पालिका भित्र रहेका सबै विधालयहरुमा विधार्थीको संख्याको आधारमा प्रत्येक विधार्थी रु२०० का दरले शिक्षण सहजिकरण अनुदान दिएको पाईन्छ । नमुना छनौटको रुपमा परीक्षण गर्दा निम्न विधालयहरुलाई फ्लास रिपोर्टमा भएको विधार्थी संख्या भन्दा बढी संख्याको भुक्तानी देखिएकोले बढी देखिएको असुल गरी संघीय संचितकोष खातामा जम्मा गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>विधार्थी संख्या</th><th>विधालयको माग संख्या</th><th>फ्लास रिपोर्ट अनुसारको संख्या</th><th>बढी संख्या</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>1.</td><td>विरेन्द्र मावि दयानगर</td><td>६-८ कक्षा</td><td>२४७</td><td>२०४</td><td>४३</td><td>२००</td><td>८६००</td></tr>
<tr><td>2.</td><td>जनता मावि अमवा</td><td>१-५ कक्षा</td><td>१४५</td><td>१३०</td><td>१५</td><td>२००</td><td>३०००</td></tr>
<tr><td>3.</td><td>गणसारी मावि गणसारी</td><td>बालविकास</td><td>८३</td><td>७९</td><td>४</td><td>२००</td><td>८००</td></tr>
<tr><td>4.</td><td>सिद्धार्थ मावि मदनगंज</td><td>बालविकास</td><td>१०५</td><td>८४</td><td>२१</td><td>२००</td><td>४२००</td></tr>
<tr><td>5.</td><td>आकाशरवी प्रावि अमवा</td><td>बालविकास</td><td>६१</td><td>२६</td><td>३५</td><td>२००</td><td>७०००</td></tr>
<tr><td>6.</td><td colspan="2">जम्मा</td><td>६४१</td><td>५२३</td><td>११८</td><td></td><td>२३६००</td></tr>
</table></td><td>२३,६००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**पोशाक खर्च नगद भुक्तानी** पालिकाले कुनै पनि कार्यक्रम संचालनको गर्दा कार्यक्रमका लागि हुने खर्च वितरणलाई बैंक मार्फत भुक्तानी गर्नुपर्नेमा पालिकाले ७० जना महिला स्वंम सेविकालाई पोसाक वापतको १०००० का दरले रु ७००००० ।- नगद वितरण गरेको छ । पालिकाले यसतो कार्यमा नियन्त्रण गरी यसता कार्यलाई बैंक मार्फत गर्नमा जोड दिनु पर्दछ ।	
५३			**स्वास्थ्य र आयूर्वेदतर्फको तलबि प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य र आयुर्वेद तर्फका कर्मचारीहरुको यस बर्ष रु. ३७,७१,७३६।- तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
५४			**औषधि खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले पटक पटक गरी उक्त प्रक्रिया वेगर रु. १२१४९२३ ।- का औषधि सोझै खरिद गरेको छ ।	
५५			**स्वास्थ्य कार्यक्रम** कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमहरु आसार महिनामा गरेको र प्रगति प्रतिवेदन पनि तयार गरेको छैन । जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**अनुगमन भत्ता** अनुगमन तथा अन्य भत्ताः स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण कार्य उपाध्यक्षको संयोजकत्वमा गठित समितिबाट हुने व्यवस्था छ । समितिमा रहने पदाधिकारी सम्बन्धमा कार्यालयले कार्यविधि तयार गरी सोही अनुसार अनुगमन गरी भत्ता खर्च लेख्नु पर्दछ ।पालिकाको क्षेत्रभित्र संचालित कार्यक्रमहरुको अनुगमन राजश्व परामर्श समितिको फरफारक समिति लगायतका बैडक तथा अनुगमन गरेको भनि कार्यालयले स्थानीय निकायका पदाधिकारी सदस्य तथा कर्मचारीहरुलाइ अनुगमन तथा अन्य भत्ता भुक्तानी गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्रभित्र संचालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्य क्षेत्रभित्र पर्दछ ।नियमित कार्यको अनुगमन गरेको भनि अनुगमन भत्ता लिनु नियमसम्मत नदेखिएकोले अनुगमन भत्ता तथा समितिको बैठक खर्च नियन्त्रण गर्नुपर्दछ ।	
५७			**सेवा तथा परामर्श**	
५७.१			सफ्टवेयर खरिद -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले ई हाजिरी सफ्टवेयर, दर्ता चलानी सफ्टवेयर र अनलाईन स्कूल म्यानेजमेन्ट सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. १०६७०००।–खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	
५७.२			कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५४ जना कर्मचारीहरू करारमा राखि रु.१६०५०००० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक दरवन्दी वाहिरका सहायक कम्प्युटर अपरेटर ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२४२१५१० भुक्तानी गरेको अनियमित देखिएको रु	२,४२१,५१०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७.३	६८३	२०७८-३-२२	बढी भुक्तानीः गाउँपालिकाको लागत साझेदारीमा वीउ श्रोत केन्द्र स्थापना सम्बन्धी सम्झौता पत्र अनुसार पालिका र ज्ञान विज्ञान कृषि सहकारी संस्था लिमिटेडविच भएको सम्झौता बमोजिम खर्च रकमको विल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात कुल अनुमानित लागत रु ५२१८२५५ मध्ये पालिकाले रु ११ लाख अर्थात २१.०८ प्रतिशत उपलब्ध गराउने सम्झौता गरेको छ । कृषि उत्पादन सहयोगका लागि लिइएको अनुदान रकम परियोजना निर्माणमा जम्मा रु ५०७८४२८ कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ । पालिकाले कार्यसम्पन्नको २१.०८ अर्थात रु १०७०५३२ अनुदान दिनु पर्नेमा रु ११ लाख अनुदान दिइएकोले वढी भुक्तानी रु २९४६७ असुल गर्नुपर्ने रु	२९,४६७
५८			**कर्मचारी सेवा सुविधा**	
५८.१			कानूनी सल्लाहकार– लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले कानूनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी नियुक्ति गर्न नहुने उल्लेख छ । पालिकाले कानूनीले सल्लाहकार नियुक्ति गरि वार्षिक रु १४४००० भुक्तानी गरेको छ । यस्तै खर्चमा नियन्त्रण गर्नपर्दछ ।	
५८.२			कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष कानुन नवनाइ रु १०५८४०८ प्रोत्साहन भत्ता लेखेको नियमित नदेखिएको रु	१,०५९,४०८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५९			**दोहोरो वैठक भत्ता** बैठक भत्ताः अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका २०७५ को परिच्छेद ७ को ७।१।१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम कार्ययोजना वेगर वैठक वस्न नपाइने एकै समयमा दोहोरो वैठक भत्ता लिन नपाइने तथा बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था वेगर कार्यालयले एकै समयमा दोहोरो बैठक भत्ता उपलब्ध गराएको १५ प्रतिशत कर कट्टा गरि वाँकी रहेको रकम असुल गरि दाखिला गर्नुपर्ने रु	३४,८५०

क्र स	कर्मचारीको नाम	बैठक संख्या	रकम
१	मिन प्रसाद भट्टराइ	५	४२५०
२	नारायण प्रसाद पौडेल	५	४२५०
३	रोमलाल पुरी	५	४२५०
४	शेष नारायण अर्याल	५	४२५०
५	सन्दिप पौडेल	५	४२५०
६	किरण के सि	५	४२५०
७	भानुभक्त नेपाल	५	४२५०
८	हेमन्त चौधरी	३	२५५०
९	गायत्री देवी	३	२५५०
	जम्मा		३४८५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**आन्तरिक लेखापरिक्षण**	८३६,६६४

आन्तरिक लेखापरीक्षण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औंल्याइएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु स्थानीय तहको कर्तव्य हुने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आ.ले.प. प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(3) मा आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण समिति गठन नगरेको तथा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराएको छैन । ऐनको प्रावधान कार्यान्वयन गरी आन्तरिक लेखापरीक्षणबाट कायम असुल वेरुजु रु ३०५७१४ दाखिला गरि प्रमाण पेश गर्नुपर्ने तथा प्रमाण बेरुजु रु ५३०९५० फछ्यौंट गर्नुपर्ने देखिएको रु.

गौन ।मिति	शिर्षक	विवरण	रकम
		असुलगर्नुपर्ने	
२८-८।४	पुँजिगत	कार्यसम्पन्नभन्दा वढी भुक्तानी	७१२०
५०-९।१७		पि एस माभ्याट	१६२५०
२४३-३।२४	चालु	शिविरसंचालन नभएकोले असुल गर्नुपर्ने	२८२३४४
		प्रमाण पेशगर्नुपर्ने	
९६-१०।१५		बिमाको विलपेश नभएको	१७५००
१५५-१२।८		बिमाको विलपेश नभएको	१२५०००
१७७-१२।१५		बिमाको विलपेश नभएको	४००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				४०३-३।३०		बिमाको विलपेश नभएको	९००००		
				३०-३।२८	सघीयपुजीगत	बिमाको विलपेश नभएको	१५०००००		
				८-३।२९	प्रदेशसमपुरक	बिमाको विलपेश नभएको	३५०००		
				८७-३।२४	सघीयपुजीगत	बिमाको विलपेश नभएको	७३४५०		
							८३६६६४		
६१			**आन्तरिक आय**						
६१.१			आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ९५९००००।–प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.९८१७२५१९.१४ अर्थात अनुमान भन्दा २.३७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१.२			नदिजन्य पदार्थ ठेक्काः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिकाले आ.व. २०७७।७८ मा धमिसर नाका नदिजन्य पदार्थको ठेक्का सञ्चालन सम्झौता अनुसार निर्माण व्यवसायी डाँफे कन्स्ट्रक्सन ले २०७८ वैशाख मसान्तसम्ममा दोस्रो किस्ताबापतको रकम बुझाउनु पर्ने र सो मितिमा बुझाउन नसकेमा नियमानुसार दरले हर्जाना तिर्नुपर्ने उल्लेख छ । सो नदिजन्य पदार्थ उन्खनन ठेक्काको दोस्रो किस्ता बापतको बाँकी रकम हर्जना समेत रु ८३३६५८ असुल उपर गरी बैक दाखिला गर्नुपर्ने रु	८३३,६५८

ठेक्काको नाम	ठेकेदार	कबोल अंक	प्राप्त रकम	बाँकी रकम	हर्जना १० प्रतिशत	असूल गनुपर्ने बक्यौता रकम
धमिसर नाका नदिजन्य पदार्थ	डाँफे कन्स्ट्रक्सन	१३३१५७४३	१२५५७८७२	७५७८७१	७५७८७	833658

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१.३			धरौटी जफतः रकम र सरकारी ठेक्का वन्दोवस्त ऐन २०२० को दफा ६ बमोजिम टेण्डर दिने वा बढावढ वा घटाघट डाँक वोल्ने व्यक्ति नेपाली नागरिक भए आफूले कबुल गरेको रुपैयाको अङ्कको सयकडा पाँच र गैर नेपाली नागरिक भए आफुले कबुल गरेको रुपैयाको अङ्कको सयकडा दश डिपोजिट राखि त्यसको सक्कल रसिद ड्राफ्ट वा नोट टेण्डर दिइएकोमा सोहीभित्र खामी पठाउनु पर्ने व्यवस्था रहेको छ । सो ऐनको दफा १३ मा ठेक्का बन्दोवस्त गर्नका लागि यस ऐन वमोजिम कुनै टेण्डर स्वीकृत भएकोमा सो टेण्डर बोल्ने व्यक्ति तोकिएको बमोजिमको म्यादभित्र चलन पूर्जी नलिएका धरौटी जफत हुने व्यवस्था रहेको छ । पालिकाले टेण्डरको सुचना प्रकाशन गर्दा नै २.५ प्रतिशत धरौटी राख्नु पर्ने भनि प्रकाशन गरेको छ ।गाँउपालिकाको गलत सूचनाको कारण गाउँपालिकाले कचकचहवा र छपिया घाटको ठेक्का स्वीकृत गरेकोमा शिव कुमार सप्लायर्सले सो ठेक्का गर्न नसक्ने भनि दिइएको निवेदनको आधारमा रु १०२५००० धरौटी जफत हुनुपर्नेमा रु ७००००० मात्र जफत भएकोले नियमानुसारको धरौटी जफत हुन नसकेको रु	३२५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१.४			राजश्व दाखिला शिर्षक फरक: नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभागको मिति २०७६।४।१ देखि कायम भएको राजश्व संकेत नं. बमोजिम देहायका ठेक्का नं बाट नदिजन्य पदार्थ ढुंगा, गिटी, वालुवा उत्खनन संकलन विक्री वितरण वापतको मूल्य अभिवृद्धि कर रु.९७३९९७०.९८ आ.व. ०७५।७६ मा कायम भएको संकेत राजश्व शिर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्नेमा राजश्व शिर्षक नं. ३३३१३ मा दाखिला गरेकोले सम्बन्धित राजश्व शिर्षकमा दाखिला मिलान गरेको प्रमाण पेश गर्नुपर्दछ ।	

सिन	ठेक्काको नाम	ठेकेदारको नाम	शिर्षकमिलान गर्नु पर्ने भ्याट रकम
१	कौवा नाकानदिजन्य पदार्थ	डाँफेकन्स्ट्रक्सन	१७७६८९४.६
२	कनरी नाकानदिजन्य पदार्थ	माहाजनसप्लायर्स	२१७४६०२.६९
३	कचकचहवानाका नदिजन्य पदार्थ	महिमा एण्डगरिमा सप्लायर्स	२०९९६२७.१
४	धमसर नाकानदिजन्य पदार्थ	डाँफेकन्स्ट्रक्सन	१७३१०४६.५९
५	भर्थापुरघाट नदिजन्य पदार्थ	कालिकारायमाझी जे भि	२१४५००
६	भर्थापुरघाट नदिजन्य पदार्थ	वज्रगुरुकान्छाराम जे भि	५४६०००
७	भर्थापुरघाट नदिजन्य पदार्थ	रमन कन्स्ट्रक्सन	६८२५००
८	भर्थापुरघाट नदिजन्य पदार्थ	गावर कन्स्ट्रक्सन	५१४८००
		जम्मा	९७३९९७०.९८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**सामाजिक सुरक्षा** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । कार्यक्रम सञ्चालन कार्यविधिमा भएको व्यवस्था गाउँपालिकाले पालनामा ध्यान दिनुपर्दछ ।	
६३			**लाभग्राहीको विवरण** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।तर पालिकाले कार्यविधिमा उल्लेख भएको कुरा पालना गरेको नपाईएकोले कार्यविधि पालनामा ध्यान दिनुपर्छ ।	
६४			अनुगमन तथा सम्परीक्षण **अनुगमन तथा सम्परीक्षण**–स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । गत वर्षसम्मको बेरुजू (A): ६७३८७२७४.७ यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B): 0 गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B): ६७३८७२७४.७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५			अद्यावधिक वेरुजु **अद्यावधिक वेरुजु -**यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ	

गत वर्षसम्मको बाँकी बेरुजू(A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
६७३८७२७४.७	०	२३३०२०४४	०	९०६८९३१८.७